लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

मिति : २०७७/०५/०८

**जानकारी सम्बन्धमा**

यस नगरपालिकाद्वारा मिति २०७७/०४/२३ गते प्रकाशन गरेको नगर क्षेत्रका औषधीजन्य सेवा बाहेकका अन्य सबै सेवा बन्द गरिएको सूचना अनुसार हालसम्म पनि यस नगर क्षेत्रका सबैखाले सेवा प्रवाह र व्यापार व्यवसाय निषेधित रहेकोमा जिल्ला प्रशासन कार्यालय, सर्लाहीद्वारा मिति २०७७/०५/०७ गते प्रकाशित निषेधाज्ञा आदेशको केही बुँदामा अत्यावश्यक वस्तुहरू र बैंक तथा वित्तिय संस्थाहरू स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि संचालन गर्न सकिने भनि उल्लेख भई केही व्यवसायी र वित्तिय संस्थाका कर्मचारीहरूमा अन्यौल पर्न गएकोले लालबन्दी नगरपालिका क्षेत्रको समुदायस्तरमा कोरोना भाईरसको संक्रमण बढीरहेको र एक जना संक्रमितको मृत्यु समेत भएको तथा वित्तिय संस्थाका केही कर्मचारीहरूमा समेत संक्रमण भएको पाईएकोले मिति २०७७/०५/१२ गते सम्म यस अघिकै सूचना बमोजिम अत्यावश्यक औषधीजन्य सेवा बाहेकका अन्य सबै प्रकारका सेवा, व्यवसाय र वित्तिय संघसंस्था लगायतका कार्यालयहरू पूर्ण रूपमा बन्द रहने व्यहोरा आम नगरवासी तथा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै आफु, आफ्नो परिवार र समुदायलाई संक्रमणबाट जोगाउनको लागि हालसम्म निषेधाज्ञाको पूर्ण रूपमा पालना गर्नु भएकोमा सम्पुर्ण नगरवासीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै संक्रमणको जोखिम कम नभएसम्मको लागि अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कनु हुन र स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पुर्ण रूपमा पालना गरि कोरोना भाईरस नियन्त्रण र रोकथामको लागि सहयोग गरिदिनु समेत अनुरोध गरिन्छ ।

मान बहादुर खड्का
नगर प्रमुख